१०३८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४७९/२०७२/०७३

निर्णय नं. ६५०

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), साँफेबगर नगरपालिका कार्यालय, अछाम ..............१ विपक्षी

सूचना अधिकारी, साँफेबगर नगरपालिका कार्यालय, अछाम ........................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले साँफेबगर नगरपालिका कार्यालय, अछाम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम साँफेबगर नगरपालिका कार्यालय, अछामलाई मिति २०७२।०७।२९, च.न ४७१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त साँफेबगर नगरपालिका कार्यालय, अछामको मिति २०७२।०९।१६, च.नं.१०३२, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचनाको यस आयोगलाई पठाई सो को बोधार्थ पनुरावेदकलाई समेत दिएको देखिएकोले । यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।